आज मिति २०८२/०३/१९ गते विहिबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ८६ औं बैठक निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. आर्थिक प्रशासन शाखा श्री सरोज काफ्ले

१९. का.स. श्री लाल बहादुर खन्गाहा

**मिति २०८२। ०३।१९ गते बिहान ८ बजे बसेको  निस्दी गाउँपालिकाको ८६ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ . रिपोटिङ्ग सम्वन्धमा ।

२.  भूक्तानी प्रतिवेदन सम्वन्धमा ।

३. सार्वजनिक सुनुवाई संचालन सम्वन्धमा ।

४. रुक्सेभञ्ज्याङ खानेपानी सम्वन्धमा ।

५. गाउँ शिक्षा समितिको निर्णय सम्वन्धमा ।

६. म्याद थप सम्वन्धमा ।

७. विविध ।

मुक्त बहादुर सारु
अध्यक्ष

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२।०३।१९ गते बसेको निस्दी गाउँपालिकाको ८६ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१.प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो। वडा स्तरीय आयोजना तथा कार्यक्रम यथासिघ्र सम्पन्न गरि फरफारक गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको आवधिक योजनाको प्रतिवेदन , वास प्लान प्रतिवेदन , बहु प्रकोप जोखिम नक्सांकन /बिपद् जोखिम नक्सांकन प्रतिवेदन तथा गाउँ शिक्षा योजना प्रतिवेदन लगायतका प्रतिवेदन स्वीकृत गरी भूक्तानी गर्ने सर्वसम्मत निर्णय गरीयो।

३.प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँ पालिकाको बार्षिक सार्वजनिक सुनुवाई मिति २०८२।०३।२६ गते संचालन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको वडा नं ४ को रुक्से भञ्ज्याङ खानेपानीको लागि एच.टि लाईन विस्तारको लागि नेपाल बिधुत् प्राधिकरण पाल्पा बितरण केन्द्र बाट पेश भएको लागत अनुमान अनुसारको आवश्यक सामाग्रीको लागि रु ५५,४५५.७० नेपाल विधुत् प्राधिकरण , पाल्पा बितरण केन्द्रको खाता नं. ००२०१०१७५०५५१३ नेविल बैंङ्कमा भूक्तानी गर्ने निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा मिति २०८२/०३/१४ गतेको गाउँ शिक्षा समितिको निर्णय सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको मुख्य प्रशासनिक भवन ,१५ सैया अस्पतालको म्याद थप देहाय अनुसार गर्ने निर्णय गरियो।

| क्र स | आयोजनाको नाम | म्याद सकिने मिति | म्याद कायम भएको मिति |
|---|---|---|---|
| १ | मुख्य प्रशासनिक भवन | २०८२ असार मसान्त | २०८२/१२/३० |
| २ | १५ शैया अस्पताल | २०८२ असार मसान्त | २०८२/०६/३० |

२०८२।०३।२३

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०३।२०

मुक्त बहादुर साह
अध्यक्ष

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) गाउँपालिकाबाट डस्टबिन देहाय अनुसार बितरण गर्ने निर्णय गरियो ।

| क्र स | वडा कार्यालयको नाम | डस्टबिन संख्या |
|---|---|---|
| १ | वाकामलाङ | ५ |
| २ | सहलकोट | ५ |
| ३ | झिरुवास | ६ |
| ४ | मित्याल | ८ |
| ५ | गल्धा | ६ |
| ६ | अर्चले | ५ |
| ७ | ज्यामिरे | ६ |

साथै कम्प्यूटर, प्रिन्टर तथा फर्निचरजन्य कार्यालय सामाग्री माग तथा आवश्यकताका आधारमा वितरण गर्ने निर्णय गरियो ।

ख ) निस्दी गाउँपालिका वडा नं -०५ गल्धा ढुंगानाबेसीको बेलघाट झोलुङ्गे पुलको शिलान्यास खर्च रु १२,००० गाउँपालिकाको विविध खर्च शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो । साथै पाल्पा ब्यापार संघलाई रु १०,००० आर्थिक सहयोग विविध खर्च शिर्षक बाट गर्ने निर्णय गरियो ।

ग ) न्यायिक समिति तथा मेलमिलापमर्ताहरुको प्रोत्साहन बापत बैठक भत्ता रु १००० तथा खाना खाजा बापत गाउँपालिकाले रकम सम्वन्धित शिर्षकबाट भूक्तानी गर्ने न्यायीक समितिको निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

घ ) निस्दी गाउँपालिकाको विभिन्न वडामा जडान भएको १०६ वटा सडक बत्तिको विधुत् महशुल प्रति वत्ति प्रति महिना रु १५४।६८ का दरले १२ महिनाको हुन आउने रु १९६७५२।९६ विजुली तथा पानी शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ङ ) निस्दी गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशनको तेस्रो वैठकमा गाउँसभाका सम्पूर्ण सदस्यहरु तथा कर्मचारीहरुको लागि १/१ थानका दरले छाता वितरण गर्ने र अनुगमन समितिको २०८२/०३/१८ गतेको वैठकको निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

२०८२।३।२३
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष